अनुसूची -२

**साझा सेवा (सहकारी संस्था) लि.**
**केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं**

**योजना** : सटर कवल भाडा (बहाल) मा लगाउने सम्बन्धी ।
**स्थान :** बिशाल बजार कम्पनी लि., शुक्रपथ, काठमाडौं, सटर नं.१७ (मूल भवनको भुँइतला)
**सूचना प्रकाशित मिति :** २०८२/०४/०६

**सटर कवल भाडा (बहाल) मा दिने सम्बन्धी सामान्य शर्तहरु :-**

१. संस्थाको सर्तको अधिनमा रही भाडामा लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रमाणित प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८२/०४/२१ गते) दिनको २:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र सिलबन्दी गरी खाम बाहिर दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट लेख्नुका साथै विषयमा "सटर कवल बहालमा लिने बारेको सिलबन्दी दरभाउपत्र" भनी स्पष्ट लेखी १६ औं दिन (२०८२/०४/२१) दिनको २:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा दर्ता गर्नुपर्नेछ । निर्धारित समयभित्र रीतपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरु १६ औं दिन २०८२/०४/२१ गते अपरान्ह ४:०० बजे उपस्थित भएका सिलबन्दीपत्रदाता (निवेदक) र कार्यालयका कर्मचारीको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको अनुपस्थिति भएमा पनि सिलबन्दीपत्र दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा मासिक र वार्षिक भाडा खुलाई रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । अङ्क र अक्षर दुवै स्पष्ट नभएमा दरभाउपत्र रद्द गरिनेछ ।

४. दरभाउपत्र स्वीकृत भएका निवेदकले सूचना पाएको ७ दिनभित्र आफूले कवोल गरेको मासिक भाडा रकमको ३ महिना बराबरको रकम धरौटी स्वरुप संस्थाको नाममा रहेको पुल्चोकस्थित नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को खाता ओ.डी. हि.नं.००४५९०१०२५०००९ मा दाखिला गरी सक्कल बैंक भौचर सहित करार सम्झौता गर्न आउनुपर्नेछ । निवेदकले तोकिएको मितिभित्र करार सम्झौता गर्न नआएमा निजले राखेको धरौटी रकम जफत गरिनेछ । तर दरभाउपत्रदाताले करार सम्झौता गर्न आउन थप केही समय माग गरेमा र निजले देखाएको कारण संस्थालाई मनासिव लागेमा १५ (पन्ध्र) दिनसम्म समय थप गरिदिन सकिनेछ ।

५. स्वीकृत भएको सिलबन्दी दरभाउपत्र थप भएको समयभित्रमा भाडा सम्झौता गर्न नआएमा निजले राखेको धरौटी रकम जफत गरिनेछ ।

६. सिलबन्दी दरभाउपत्रबाट छनौट भई स्वीकृत भएको दरभाउपत्रदाताले तोकिएको समय भित्र सम्झौता गर्न नआएमा उक्त सिलबन्दी दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी रकम जफत गरिनेछ । त्यसपछि दोस्रो क्रममा रहेको सिलबन्दी दरभाउपत्रदाताको कबोल अङ्क संस्थाले तोकेको न्यूनतम भाडादरभन्दा बढी भएमा त्यस्तो दरभाउपत्रदातालाई भाडामा दिन निजको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिनेछ ।

७. दोस्रो क्रममा रहेको सिलबन्दी दरभाउपत्रदाता पनि सम्झौता गर्न नआएमा उक्त सिलबन्दी दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी रकम जफत गरिनेछ । त्यसपछि तेस्रो क्रममा रहेको सिलबन्दी दरभाउपत्रको कबोल